I.P Mainali & Associates
Chartered Accountants
ICAN Reg. No. 869
PAN No. 624659691

2nd Floor, Panchakanya Sadan
Kathmandu-8, Guheshwori
Tel: 01-4913480
Email: ca.indramainaly@gmail.com

श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका सदस्यहरु समक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

वित्तीय विवरण लेखापरीक्षण उपर प्रतिवेदन
कैफियत सहितको राय :
हामीले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको (यस पछि "संस्था" भनिएको) यसै साथ संलग्न आषाढ ३२, २०८३ (जुलाई १६, २०२६) को एकिकृत वासलात सोही मितिमा समाप्त वर्षको एकिकृत आय व्यय विवरण, एकिकृत नगद प्रवाहको विवरण र महत्वपुर्ण लेखानीति तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा कैफियत सहितको रायको लागि आधार भन्ने अनुच्छेदमा उल्लेखित विषयवस्तुहरुको वित्तीय प्रभाव बाहेक सबै तथ्यगत सन्दर्भहरुमा वित्तीय विवरणहरुले संस्थाको आषाढ ३२, २०८३ (जुलाई १६, २०२६) को वित्तीय स्थिति (Financial Position), यसको वित्तीय कार्यसम्पादन (Financial Performance) र आर्थिक वर्षको एकिकृत नगद प्रवाहको विवरणले लेखाको सर्वमान्य सिद्धान्तहरु बमोजिम यर्थाथ चित्रण गर्ने देखिन्छ ।

कैफियत सहितको रायको लागि आधार :
संस्थाको समिती/इकाईहरुको दिर्घकालिन लगानी तथा बैंक मौज्दात रकम मध्ये रु. ५,८६,२०,३९९.०० लाई समर्थन गर्ने प्रमाणको अभाव, कर्मचारी एवम कार्यक्रम पेश्की को पुष्टिकरण पत्र (confirmation letter) नभएको, भवन तथा टिकाउ सामानको ह्रासकट्टी नगरिएको तथा सोको हानी (Impairment) गणना नगरिएको, जिन्सी मौज्दातको भौतिक परीक्षण हुन नसकेको, संस्थाको समिती/इकाईहरुले बचत तथा ऋण सहकारी संस्थामा रकम जम्मा गरी राखेको हुनाले ती सहकारीहरुको वित्तीय अवस्थाको जानकारी हामीलाई नभएको हुँदा सो रकमको पुनः प्राप्ती (Recoverability) हुने एथेस्ट आधार नभएको, साथै विगत लामो समय देखी (हामीले अध्ययन गरेको आ.व.२०७२/७३ सम्मको वित्तीय प्रतिवेदनको आधारमा) केही समिती/इकाईहरुको हिसाब एकिकृत हुन छुट हुने गरेको तथा केही समिती/इकाईहरुको गत आ.व. को हिसाब (वासलात) नै एकिकृत गर्ने गरिएको र गत आ.व हरुको लेखापरीक्षकको प्रतिवेदनको सुझाव खण्डमा सुझावका रुपमा प्रस्ट उल्लेख हुदाँ समेत सो अवस्थामा खासै उल्लेखनिय सुधार हुन नसकेको ।
एकिकृत हुन छुट भएका र गत आ.व. कै वासलात बाट एकिकृत गरिएका हिसाबको (सर्न्दभ महत्वपुर्ण लेखानीति ३.१ तथा लेखा सम्बन्धि टिप्पणी २.५) असर नगन्य रहेको, सहकारीमा जम्मा भएको रकम पुनः प्राप्तिमा समस्या नभएको र दिर्घकालिन लगानी तथा बैंक मौज्दातलाई समर्थन गर्ने प्रमाण कागजात पेश गर्न नसकिए तापनि वासलातमा उल्लेखित रकम ठिक छ भनी हामीलाई व्यवस्थापन प्रतिनिधत्व पत्र (Management Representation Letter) लेखापरीक्षण क्रममा प्राप्त भएको छ ।

माथि उल्लेखित अवस्थाहरुको कारणले वित्तीय विवरणमा केही समायोजन गर्नुपर्ने हो वा होइन भनी हामीले यकिन गर्न सकेनौ । हामीले हाम्रो लेखापरीक्षण Nepal Standards on Auditing (NSAs) अनुसार गरेका छौं । ती मापदण्डहरू अन्तर्गतका हाम्रा जिम्मेवारीहरू हाम्रो प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप वर्णन गरिएको छ । हामी वित्तीय विवरणहरूको हाम्रो लेखापरीक्षणसँग सान्दर्भिक नैतिक आवश्यकता अनुसार संस्थाबाट स्वतन्त्र छौं र व्यावसायिक लेखापरिक्षकहरूको लागि नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्था बाट जारी आचार संहिता अनुसार हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उपयुक्त छन् भनि हामी विश्वास गर्छौं ।

I.P. Mainali & Associates ★ Kathmandu ★ Chartered Accountants

Scanned with CamScanner

आर्थिक विवरणहरु प्रति व्यवस्थापनको र सुशासनको जिम्मेवारी बहन गरेकाहरुको उत्तरदायित्व :
नेपाल लेखामान NAS for NPOs अनुरुप यथार्थ र उचित चित्रण गर्न वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने आदि पर्दछ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो वाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा वाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक वमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखानीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ। संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागी जिम्मेवार छ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको जिम्मेवारी :
हाम्रो उदेश्य चाहे जालसाजी वा गल्तिवाट होस् वित्तीय विवरण सारभूत रुपमा मुक्त छ वा छैन भनि उपयुक्त आस्वस्तता (reasonable assurance) प्राप्त गर्नु हो र राय सहितको लेखा परिक्षकको प्रतिवेदन जारी गर्नु हो। उपयुक्त आस्वस्तता भनेको उच्च स्थरको आस्वस्तता हो तर NSAs अनुसार गरिएको लेखापरिक्षणले सधैं वितिय विवरण सारभूत रुपमा गलत भएको पत्ता लगाउँछ भन्ने हुदैन। यदी एकल वा समग्र रुपमा उत्पन्न भएको गलत विवरणले, सो को आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्ने अपेक्षा गरिन्छ भने सो विवरण सारभूत रुपमा गलत मानिन्छ।

- जालसाजी वा त्रुटिको कारणले गर्दा वित्तीय विवरणहरूको त्रुटीको जोखिमहरू पहिचान र मूल्याङ्कन गर्ने, ती जोखिमहरूको लागि उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरूको योजना वनाउने र कार्य सम्पादन गर्ने र हाम्रो रायको लागि आधार प्रदान गर्न पर्याप्त र उपयुक्त लेखा परीक्षण प्रमाणहरू प्राप्त गर्ने। जालसाजीको परिणामस्वरूप त्रुटीपूर्ण विवरण पत्ता लगाउन नसक्ने जोखिम त्रुटीको परिणामको तुलनामा वढी हुन्छ किनकि जालसाजीमा मिलीभगत, धोकाधडी, उद्देश्यपूर्ण भ्रष्ट आचरण लगायतका आन्तरिक नियन्त्रणको अवहेलना संलग्न हुन सक्छ।
- परिस्थितिहरु अनुकूल लेखापरीक्षण प्रक्रियाहरुको योजना वनाउनको लागि लेखापरीक्षणसँग सम्वन्धित आन्तरिक नियन्त्रणको वुझाइ प्राप्त गर्ने तर संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारिता वारे विचार व्यक्त गर्ने उद्देश्यको लागि होइन।
- प्रयोग गरिएको लेखा नीतिहरूको उपयुक्तता र लेखा अनुमानको औचित्य र व्यवस्थापनद्वारा गरिएको सम्वन्धित खुलासाहरुको मूल्याकन गर्ने।
- लेखाको आधारमा आर्थिक स्थिरताको (Going concern) लागि व्यवस्थापनको प्रवन्धको औचित्य तथा संस्थाको आर्थिक स्थिरता कायम राख्ने क्षमतामा शंका उत्पन्न गर्न सक्ने घटना वा अवस्थाहरुसँग सम्वन्धमा अनिश्चितता कायम छ वा छैन भनेर लेखापरीक्षण प्रमाणका आधारमा निष्कर्षमा पुग्ने। यदि अस्थिरता अवस्थित छ भन्ने लागेमा हामीले हाम्रो लेखा परीक्षकको प्रतिवेदनमा वित्तीय विवरणहरूमा भएका सम्वन्धित खुलासाहरू वा त्यस्ता खुलासाहरू हाम्रो राय परिमार्जन गर्न अपर्याप्त भएमा ध्यानाकर्षण गर्ने। हाम्रा निष्कर्षहरू हाम्रो लेखापरीक्षकको प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणहरूमा आधारित छन्। यद्यपि भविष्यका घटना वा अवस्थाहरूले संस्थालाई आर्थिक स्थिरता कायम राख्न रोक्न सक्छन।

हामीले अन्य विषयहरू, लेखापरीक्षणको योजनावद्ध दायरा, समय र लेखापरीक्षणको क्रममा हामीले पहिचान गर्ने आन्तरिक नियन्त्रणमा भएका महत्वपूर्ण कमजोरीहरू लगायत महत्वपूर्ण लेखापरीक्षण निष्कर्षहरूका सम्वन्धमा सुशासनको जिम्मा व्यक्तिहरूसँग हामीले छलफल गर्यौं।

I.P. Mainali & Associates
Kathmandu
Chartered Accountants

Scanned with CamScanner

अन्य कानूनी तथा नियमन आवश्यकता उपरको प्रतिवेदन :

हाम्रो लेखापरीक्षण तथा हामीले पाए सम्मको सूचना एवं हामीलाई दिईएको जानकारी र स्पष्टिकरणका आधारमा संस्थाले बचत तथा ऋण सहकारी संस्थामा सदस्य भई बचत गरेकोमा बाहेक हामीले सर्वमान्य लेखापरीक्षण प्रचलन अनुसार गरेको संस्थाको हिसाब किताबको परिक्षणको सिलसिलामा संचालक समितिका पदाधिकारी वा प्रतिनीधि वा कुनै कर्मचारीले कुनै कानुन विरुद्ध हुने गरी कामकाज गरेको वा प्रत्यक्ष रुपमा समितिलाई हानी नोक्सानी पुऱ्याएको वा समितिको रकम हिनामिना गरेको पाईएन साथै यस्ता कुराहरुको बारेमा व्यवस्थापनबाट समेत जानकारी हुन आएन ।

लेखापरीक्षकका सुझावहरु :

संस्थाले सम्पत्तिको ह्रासकट्टि गर्ने नीति अवलम्वन गर्नुपर्ने, आवधिक रुपमा अन्तर इकाई हिसाब मिलान गर्नुपर्ने, इकाईहरुको बैंक मौज्दात प्रमाणित गर्ने बैंक स्टेटमेन्ट केन्द्रमा मगाउनु पर्ने, पेश्की तथा सापटी पुष्टीकरण गराउनु पर्ने साथै सबै इकाईहरुको सम्वन्धित आर्थिक वर्षको हिसाब संलग्न गरी एकिकृत हिसाब पेश गर्नुपर्ने साथै हालको अवस्थामा बचत तथा ऋण सहकारी संस्थामा रकम जम्मा गर्ने गरेको हुनाले सो को जोखिम मुल्यांकन गर्नुपर्ने देखिएकाले सो बमोजिम गर्नुहुन सुझाव प्रस्तुत गर्दछौं ।

काठमाण्डौ
मिति :२०८३/०६/१४
UDIN Number: 261006CA01440JnCQS

आई.पी. मैनाली एण्ड एसोसिएट्स्
(चार्टर्ड एकाउन्टेन्स्)

सि.ए. इन्द्र प्रसाद मैनाली
पार्टनर

Scanned with CamScanner

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

कागेश्वरी मनोहरा नगरपालिका - ८, काठमाण्डौ, नेपाल

वित्तीय स्थितिको विवरण

३२ आषाढ २०८३ (जुलाई १६, २०२६) को लागि

विवरण	टिप्पणी	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
सम्पत्ति			
गैर चालु सम्पत्ति			
जायजेथा, संयन्त्र र उपकरण	४.१	१,०६८,३८८,४६७	९६३,६०५,३७७
अमूर्त सम्पत्ति	४.२	-	-
लगानी सम्पत्ति		-	-
दीर्घकालिन लगानी	४.३	११९,४३३,१७७	१०८,६७८,६८२
अन्य गैर चालु सम्पत्ति		-	-
जम्मा गैर चालु सम्पत्ति (क)		**१,१८७,८२१,६४५**	**१,०७२,२८४,०५९**
चालू सम्पत्ति			
जिन्सी मौज्दात	४.४	३९,१४३,९३२	३३,६३०,२३१
कर्मचारी एवम् कार्यक्रम पेश्की	४.५	२३,२२८,८३७	२१,६७५,६६८
पाउनु पर्ने हिसाब/आसामी		-	-
धरौटि		-	-
नगद तथा नगद सरह	४.६	११४,९७९,१३४	१०१,०५२,०३४
अन्य चालु सम्पत्ति		-	-
जम्मा चालु सम्पत्ति (ख)		**१७७,३५१,९०३**	**१५६,३५७,९३४**
जम्मा सम्पत्ति (क+ख)		**१,३६५,१७३,५४७**	**१,२२८,६४१,९९३**
कोष तथा दायित्वहरू			
संचित कोष			
निशर्त कोष र संचित बचत	४.७	१९९,३५८,७९१	१९२,६८०,२६०
विशेष प्रयोजन (निर्दिष्ट) कोष	४.८	८,५५६,३४६	७,९८२,६३१
प्रतिबन्धित कोष	४.९	-	-
अन्य अक्षय कोष	४.१०	१११,०७७,९०५	१००,९५६,०११
अन्य पूजिगत आम्दानी कोष	४.११	९९६,१२५,९७४	८८२,९१६,०९९
जम्मा संचित कोषहरू (ग)		**१,३१५,११९,०१७**	**१,१८४,५३५,००२**
गैर चालु दायित्व			
कर्मचारी लाभ दायित्व		-	-
स्थगित आम्दानी	४.१२	-	-
दीर्घकालिन कर्जासापटि			
अन्य दीर्घकालिन दायित्व		-	-
जम्मा गैर चालु दायित्व (घ)		-	-
चालु दायित्व			
भुक्तानी गर्नुपर्ने साहुहरू	४.१३	९,१६०,३५९	१०,९८९,१०८
अल्पकालिन कर्जा सापटि		४०,८९४,१७२	३३,११७,८८३
खर्च तथा अन्य व्यवस्थाहरू	४.१४	-	-
बैंक ओभरड्राफ्ट		-	-
जम्मा चालु दायित्व (ङ)		**५०,०५४,५३१**	**४४,१०६,९९१**
जम्मा दायित्व (च=घ+ङ)		**५०,०५४,५३१**	**४४,१०६,९९१**	
जम्मा दायित्व र कोषहरू (ग+च)		**१,३६५,१७३,५४७**	**१,२२८,६४१,९९३**

लेखा टिप्पणीहरू वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन्।

साथको तत्कालको मितिको प्रतिवेदन अनुसार

अशोककुमार थापा कोषाध्यक्ष	भोलानाथ दाहाल महासचिव	श्यामकृष्ण शर्मा अध्यक्ष	सि.ए.ईन्द्रप्रसाद मैनाली लेखापरीक्षक आई.पि.मैनाली एण्ड एसोसिएट्स

मिति:२०८३।०६।१४
स्थान:काठमाण्डौ

Scanned with CamScanner

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

कागेश्वरी मनोहरा नगरपालिका -८, काठमाण्डौ, नेपाल

आय व्ययको विवरण

३२ आषाढ २०८३ (जुलाई १६, २०२६) समाप्त भएको वर्षको लागि

विवरण	टिप्पणी	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
आम्दानी			
साधारण आम्दानी	४.१५	५३,६९०,७९७	५४,३१६,०२९
विशेष कार्यक्रम आम्दानी	४.१६	३५,७५०,१५७	३६,३२१,९०६
वित्तीय आम्दानी	४.१७	७,८६५,१५०	९,५९७,४७३
अन्य आम्दानी		३,०७५,३२८	३,७३१,२९९
जम्मा आम्दानी		१००,३८१,४३१	१०३,९६६,७०८
व्यय			
कर्मचारी पुजारी तलब तथा ज्याला खर्च	४.१८	७,८९५,९४१	७,२६७,७०३
मन्दिर सञ्चालन खर्च	४.१९	३३,७७२,११६	३३,४४९,३०८
विशेष कार्यक्रम खर्च	४.२०	३९,९४९,१७३	३६,४२५,९९०
सामान्य प्रशासनिक खर्च	४.२१	१०,७५१,२४६	१९,२०७,०७०
ह्रासकट्टी, अपलेखन तथा हानी नोक्सानी खर्च	४.२२	-	-
विविध खर्च		१,३३४,४२३	२,४५२,४४३
जम्मा खर्च		९३,७०२,९००	९८,८०२,५१४
कर अघि खुद वचत/(घाटा)		६,६७८,५३१	५,१६४,१९५
आय कर खर्च		-	-
कर पछिको खुद वचत/(घाटा)		६,६७८,५३१	५,१६४,१९५
यस वर्षको वचतको विनियोजन		-	-
संचित कोषमा विनियोजन		६,६७८,५३१	५,१६४,१९५
अन्य कोषमा विनियोजन		-	-

लेखा टिप्पणीहरू वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन्।

हाम्रो तत्कालको मितिको प्रतिवेदन अनुसार

अशोककुमार थापा
कोषाध्यक्ष

भोलानाथ दाहाल
महासचिव

श्यामकृष्ण शर्मा
अध्यक्ष

सि.ए.ईन्द्रप्रसाद मैनाली
लेखापरीक्षक
आई.पि.मैनाली एण्ड एसोसिएट्स

मिति:२०८३।०६।१४
स्थान:काठमाण्डौ

Scanned with CamScanner

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

कागेश्वरी मनोहरा नगरपालिका -८, काठमाण्डौ, नेपाल

नगद प्रवाहको विवरण

३२ आषाढ २०८३ (जुलाई १६, २०२६) समाप्त भएको वर्षको लागि

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
सञ्चालन गतिविधिबाट नगद प्रवाह		
कर अघि खुद बचत/(घाटा)	६,६७८,५३१	५,१६४,१९५
समायोजनहरू:		
गैर नगदी मौज्दातहरू		
सम्पत्ति, संयंत्र र उपकरणको ह्रास, अपलेखन तथा हानी नोक्सानी खर्च	-	-
अमूर्त सम्पत्तिको परिशोधन	-	-
जिन्सी मौज्दातमा जोखिम व्यवस्था	-	-
व्यवस्था, प्राप्तयोग्य खाता र विशेष जोखिममा परिवर्तन	-	-
स्थगित आय	-	-
स्थिर सम्पत्तिको निशर्गबाट लाभ	-	-
चालु पूँजीको समायोजन		
पाउनु पर्ने हिसाब/ आसामीहरू	-	-
कर्मचारी एवम् कार्यक्रम पेश्की	(१,५५३,१६९)	७,१८३,३४४
जिन्सी मौज्दात	(५,५१३,७००)	(५,३६४,३८४)
धरौटि	-	
अन्य चालु सम्पत्ति	-	
भुक्तानी गर्नुपर्ने खाता /साहूहरू	(१,८२८,७४९)	२७०,३१३
अल्पकालीन कर्जा सापटि	७,७७६,२८९	३५७,८५२
खर्च तथा अन्य व्यवस्थाहरू	-	-
ब्याज भुक्तानी	-	-
आयकर भुक्तानी	-	-
खुद सञ्चालन गतिविधिबाट नगद प्रवाह	५,५५९,२०२	७,६११,३२०
लगानी गतिविधिबाट नगद प्रवाह		
सम्पत्ति, प्लान्ट र उपकरणको खरीद	(१०४,७८३,०९०)	(८७,०८५,०१६)
अमूर्त सम्पत्तिको खरीद	-	-
सम्पत्ति, संयंत्र र उपकरणको बिक्रिबाट प्राप्त नगद	-	-
लगानी सम्पति खरिद	-	-
दीर्घकालिन लगानी	(१०,७५४,४९५)	(१०,११८,३४६)
प्राप्त ब्याज	-	-
खुद लगानी गतिविधिबाट नगद प्रवाह	(११५,५३७,५८५)	(९७,२०३,३६२)
वित्तीय गतिविधिबाट नगद प्रवाह		
विशेष प्रयोजन (निर्दिष्ट) कोषमा परिवर्तन	५७३,७१५	१२१,३२२
प्रतिबन्धित कोषमा परिवर्तन	-	-
अन्य अक्षय कोषमा परिवर्तन	१०,१२१,८९४	१०,११८,३४६
पूँजिगत आम्दानी कोषमा परिवर्तन	११३,२०९,८७५	१०७,११२,०७०
वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	१२३,९०५,४८४	११७,३५१,७३९
नगद र नगद सरहमा भएको खुद वृद्धि/(घट)	१३,९२७,१००	२७,७५९,६९७
श्रावण १, २०८२ को नगद तथा नगद सरह	१०१,०५२,०३४	७३,२९२,३३७
असार ३२, २०८३ को नगद तथा नगद सरह	११४,९७९,१३४	१०१,०५२,०३४

लेखा टिप्पणीहरू वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन्।

साथको तत्कालको मितिको प्रतिवेदन अनुसार

अशोककुमार थापा	भोलानाथ दाहाल	श्यामकृष्ण शर्मा	सि.ए ईन्द्रप्रसाद मैनाली
कोषाध्यक्ष	महासचिव	अध्यक्ष	लेखापरीक्षक
			आई.पि.मैनाली एण्ड एसोसिएट्स

मिति:२०८३।०६।१४
स्थान:काठमाण्डौ

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल २०२३ केन्द्रीय समिति, काठमाण्डौं

I.P. Mainali & Associates Kathmandu Chartered Accountants

Scanned with CamScanner

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
कागेश्वरी मनोहरा नगरपालिका -८, काठमाण्डौ, नेपाल

कोष परिवर्तनको विवरण
३२ आषाढ २०८३ (जुलाई १६, २०२६) समाप्त भएको वर्षको लागि

विवरण	निशर्त कोष र संचित बचत	विशेष प्रयोजन (निर्दिष्ट) कोष	प्रतिबन्धित कोष	अन्य अक्षय कोष	पूजीगत आम्दानी कोष	वर्षको घट/घट	जम्मा रु
१ श्रावण २०८१ को मौज्दात	१८७,५१६,०६५	७,८६१,३०९	-	९०,८३७,६६५	७७५,८०४,०२९		१,०६२,०१९,०६८
यस वर्षको विनियोजन						-	
प्रतिबन्धित कोषमा विनियोजन	-	-	-	-	-	-	-
निर्दिष्ट कोषमा विनियोजन		१२१,३२२			-	१२१,३२२	१२१,३२२
निशर्त कोषमा विनियोजन	५,१६४,१९५			-		५,१६४,१९५	५,१६४,१९५
अक्षय कोषमा विनियोजन	-	-		-	-	-	-
पूँजी कोषमा विनियोजन	-	-		१०,११८,३४६	१०७,११२,०७०	११७,२३०,४१६	११७,२३०,४१६
३२ आषाढ २०८२ को मौज्दात	१९२,६८०,२६०	७,९८२,६३१	-	१००,९५६,०११	८८२,९१६,०९९	१२२,५१५,९३४	१,१८४,५३५,००२
यस वर्षको विनियोजन						-	-
प्रतिबन्धित कोषमा विनियोजन	-	५७३,७१५	-	-	-	५७३,७१५	५७३,७१५
निर्दिष्ट कोषमा विनियोजन						-	-
निशर्त कोषमा विनियोजन	६,६७८,५३१	-		-	-	६,६७८,५३१	६,६७८,५३१
अक्षय कोषमा विनियोजन				-	-	-	-
पूँजी कोषमा विनियोजन	-	-		१०,१२१,८९४	११३,२०९,८७५	१२३,३३१,७६९	१२३,३३१,७६९
३२ आषाढ २०८३ को मौज्दात	१९९,३५८,७९१	८,५५६,३४६	-	१११,०७७,९०५	९९६,१२५,९७४	१३०,५८४,०१५	१,३१५,११९,०१७

लेखा टिप्पणीहरू वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन्।

अशोककुमार थापा
कोषाध्यक्ष

भोलानाथ दाहाल
महासचिव

श्यामकृष्ण शर्मा
अध्यक्ष

हाम्रो तत्कालको मितिको प्रतिवेदन अनुसार

सि.ए.ईन्द्रप्रसाद मैनाली
लेखापरीक्षक
आई.पि.मैनाली एण्ड एसोसिएट्स

मिति:२०८३।०६।१४
स्थान:काठमाण्डौ

Scanned with CamScanner

४ वित्तीय विवरण सम्बन्धी लेखा टिप्पणीहरू

४.१ जायजेथा, संयन्त्र र उपकरण

कुल मूल्य

विवरण	सुरु मौज्दात	वर्ष अवधिमा थप	वर्ष अवधिमा निसर्ग	अन्तिम मौज्दात
जग्गा	१६८,३१५,११४	५,२४०,२५०		१७३,५५५,३६४
भवन	७०८,२४४,६५६	(०)		७०८,२४४,६५६
सवारी साधन	-	-		-
कार्यालय उपकरण	-	-		-
फर्निचर र फिटिङहरु	-	-		-
जम्मा	८७६,५५९,७७०	५,२४०,२५०	-	८८१,८००,०२०
निर्माणाधीन सम्पत्ति	८७,०४५,६०७	९९,४४२,८४०		१८६,५८८,४४७
जम्मा	९६३,६०५,३७७	१०४,७८३,०९०	-	१,०६८,३८८,४६७

ह्रासकट्टी

विवरण	सुरु मौज्दात	वर्ष अवधिको ह्रास	वर्ष अवधिमा निसर्ग	अन्तिम मौज्दात
जग्गा		-		
भवन	-	-		-
सवारी साधन	-	-		-
कार्यालय उपकरण	-	-		-
फर्निचर र फिटिङहरु	-	-		-
जम्मा	-	-	-	-
निर्माणाधीन सम्पत्ति	-			-
जम्मा	-	-	-	-

अघि सारिएको मौज्दात

विवरण	जग्गा	भवन	सवारी साधन	कार्यालय उपकरण	फर्निचर र फिटिङहरु	जम्मा	निर्माणाधीन सम्पत्ति	जम्मा
३२ आषाढ २०८२ को मौज्दात	१६८,३१५,११४	७०८,२४४,६५६	-	-	-	८७६,५५९,७७०	८७,०४५,६०७	९६३,६०५,३७७
३२ आषाढ २०८३ को मौज्दात	१७३,५५५,३६४	७०८,२४४,६५६	-	-	-	८८१,८००,०२०	१८६,५८८,४४७	१,०६८,३८८,४६७

४.२ अमूर्त सम्पत्ति

कुल मूल्य

विवरण	सुरु मौज्दात	वर्ष अवधिमा थप	वर्ष अवधिमा निसर्ग	अन्तिम मौज्दात
सफ्टवेयर	-	-	-	-
जम्मा	-	-	-	-

परिशोधन खर्च

विवरण	सुरु मौज्दात	वर्षको परिशोधन	वर्ष अवधिमा निसर्ग	अन्तिम मौज्दात
सफ्टवेयर	-	-	-	-
जम्मा	-	-	-	-

अघि सारिएको मौज्दात	अमूर्त सम्पत्ति	जम्मा
३२ आषाढ २०८२ को मौज्दात	-	-
३२ आषाढ २०८३ को मौज्दात	-	-

Scanned with CamScanner

४.३ दीर्घकालीन लगानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष		
कल्पना छवि निजानन्द पुरस्कार कोष	७००,०००	७००,०००
कल्पना छवि महामति छात्रवृत्ति कोष	५००,०००	५००,०००
घनश्याम शर्मा समाज सेवा कोष	१,०००,०००	१,०००,०००
गोमा माता आजीवन कोष	५,०००,०००	५,०००,०००
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	५०१,०००	५०१,०००
अन्य मुद्दती निक्षेप	१११,७३२,१७७	१००,९७७,६८२
जम्मा	११९,४३३,१७७	१०८,६७८,६८२

४.४ जिन्सी मौज्दात

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
उपयोग्य वस्तुहरू	-	-
बिकी प्रयोजनको लागि तयार सामानहरू	-	-
छपाई तथा मसलन्द	-	-
मन्दिर सामाग्री	-	-
अन्य टिकाउ सामाग्री	३९,१४३,९३२	३३,६३०,२३१
जम्मा	३९,१४३,९३२	३३,६३०,२३१

४.५ कर्मचारी एवम् कार्यक्रम पेश्की

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
कर्मचारीहरूलाई कार्यक्रम पेश्की	-	-
साहुहरूलाई पेश्की	-	-
कर्मचारीहरूलाई सापटि	-	-
अग्रिम पारिश्रमिक	-	-
अन्य प्राप्तयोग्य खाताहरू	२३,२२८,८३७	२१,६७५,६६८
प्राप्तयोग्य खाताको हानी नोक्सानी	-	-
जम्मा	२३,२२८,८३७	२१,६७५,६६८

४.६ नगद तथा नगद सरह

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
नगद	७,२८९,५७०	५,४८९,४४६
बैंकमा भएको चालुखाता मौज्दात	-	-
बैंकमा भएको बचतखाता मौज्दात	-	-
छोटो अवधिको मुद्धति निक्षेप	१०७,६८९,५६४	९५,५६२,५८८
जम्मा	११४,९७९,१३४	१०१,०५२,०३४

I.P. Mainali & Associates ★ Kathmandu ★ Chartered Accountants

Scanned with CamScanner

४.७ निशर्त कोष र संचित बचत

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
वर्षको शुरूमा मौज्दात	१९२,६८०,२६०	१८७,५१६,०६५
अप्रतिबंधित कोष	-	-
सञ्चालन बचत	६,६७८,५३१	५,१६४,१९५
अप्रतिबंधित कोषको मुद्धति खाताको व्याज	-	-
वर्षको अन्त्यमा मौज्दात	१९९,३५८,७९१	१९२,६८०,२६०

४.८ बिशेष प्रयोजन (निर्दिष्ट) कोष

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
वर्षको शुरूमा मौज्दात	-	-
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष	-	-
कल्पना छवि निजानन्द पुरस्कार कोष	७०६,८९५	७१२,६४२
कल्पना छवि महामति छात्रवृत्ति कोष	५०४,९२५	५०९,०३०
घनश्याम शर्मा समाज सेवा कोष	१,२३२,५१४	१,११३,००२
गोमा माता आजीवन कोष	५,०००,०००	५,०००,०००
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	५३८,२९७	५२६,६३६
यस अवधिमा प्राप्त भएको थप कोष		
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष	-	-
कल्पना छवि निजानन्द पुरस्कार कोष	-	-
कल्पना छवि महामति छात्रवृत्ति कोष	-	-
घनश्याम शर्मा समाज सेवा कोष	-	-
गोमा माता आजीवन कोष	-	-
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	-	-
श्री युगल प्रशिक्षण कोष	५००,०००	-
यस अवधिमा कोषको ब्याज आम्दानी		
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष	-	-
कल्पना छवि निजानन्द पुरस्कार कोष	२३,३०३	५१,९२२
कल्पना छवि महामति छात्रवृत्ति कोष	१६,६४४	२२,८००
घनश्याम शर्मा समाज सेवा कोष	८५,२५५	२१९,५१२
गोमा माता आजीवन कोष	-	-
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	५३,८७०	५९,६६१
श्री युगल प्रशिक्षण कोष	११,५५९	
यस अवधिमा कोषका खर्च		
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष	-	
कल्पना छवि निजानन्द पुरस्कार कोष	(२४,४५२)	(५७,६६८)
कल्पना छवि महामति छात्रवृत्ति कोष	(१७,४६५)	(२६,९०५)
घनश्याम शर्मा समाज सेवा कोष	(५१,०००)	(१००,०००)
गोमा माता आजीवन कोष	-	-
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	(२४,०००)	(४८,०००)
श्री युगल प्रशिक्षण कोष	-	-
वर्षको अन्त्यमा मौज्दात	८,५५६,३४६	७,९८२,६३१

P. Mainali & Associates Kathmandu Chartered Accountants

Scanned with CamScanner

श्रीकृष्ण प्रणामी केन्द्रीय कोष	-	-
कल्पना छवि निजानन्द पुरस्कार कोष	७०५,७४६	७०६,८९५
कल्पना छवि महामति छात्रवृत्ति कोष	५०४,१०४	५०४,९२५
घनश्याम शर्मा समाज सेवा कोष	१,२६६,७६९	१,२३२,५१४
गोमा माता आजीवन कोष	५,०००,०००	५,०००,०००
नीता शर्मा छात्रवृत्ति कोष (इमाडोल मूल मन्दिर)	५६८,१६७	५३८,२९७
श्री युगल प्रशिक्षण कोष	५११,५५९	
जम्मा	**८,५५६,३४६**	**७,९८२,६३१**

४.९ प्रतिबन्धित कोष

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
वर्षको शुरूमा मौज्दात	-	-
यस अवधिमा प्राप्त भएको थप कोष	-	-
प्रतिबन्धित कोषमा ब्याज आय	-	-
प्रतिबन्धित कोषको प्रयोजनमा खर्च	-	-
निर्शत कोषमा स्थानान्तरण (आय व्यय विवरणमा स्थानान्तरण)	-	-
वर्षको अन्त्यमा मौज्दात	-	-
कार्य अनुसार प्रतिबन्धित कोष आम्दानी विनियोजन	-	-
नेपाल सरकार (संघ)बाट प्राप्त पूंजिगत अनुदान		
नेपाल सरकार (प्रदेश)बाट प्राप्त पूंजिगत अनुदान		
नेपाल सरकार (स्थानीय)बाट प्राप्त पूंजिगत अनुदान		
कार्य अनुसार प्रतिबन्धित कोष खर्च विनियोजन	-	-
नेपाल सरकार (संघ)बाट प्राप्त पूंजिगत अनुदानबाट		
नेपाल सरकार (प्रदेश)बाट प्राप्त पूंजिगत अनुदानबाट		
नेपाल सरकार (स्थानीय)बाट प्राप्त पूंजिगत अनुदानबाट		

४.१० अन्य अक्षय कोष

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
वर्षको शुरूमा मौज्दात	१००,९५६,०११	९०,८३७,६६५
यस वर्षको थप	१०,१२१,८९४	१०,११८,३४६
यस वर्षको ब्याज आम्दानी		
यस वर्षको खर्च	-	-
वर्षको अन्त्यमा मौज्दात	१११,०७७,९०५	१००,९५६,०११

४.११ अन्य पूंजीगत आम्दानी कोषहरू

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
वर्षको शुरूमा मौज्दात	८८२,९१६,०९९	७७५,८०४,०२९
यस अवधिमा थप	११३,२०९,८७५	१०७,११२,०७०
यस अवधिमा खर्च	-	-
वर्षको अन्त्यमा मौज्दात	९९६,१२५,९७४	८८२,९१६,०९९

I.P. Maitali & Associates Kathmandu Chartered Accountants

Scanned with CamScanner

४.१२ स्थगित आम्दानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
स्थगित आम्दानी	-	-
जम्मा	-	-

४.१३ भुक्तानी गर्नुपर्ने साहुहरू

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
अग्रिम भुक्तानी प्राप्त	-	-
आर्जित खर्च	-	-
कर्मचारी भुक्तानी योग्य	-	-
सप्लायर्सलाई तिनुपर्ने हिसाब	-	-
श्रोतमा कर कट्टी	२८,१२८	६५,४३७
अन्य भूक्तानी गर्नुपर्ने	९,१३२,२३१	१०,९२३,६७१
जम्मा	९,१६०,३५९	१०,९८९,१०८

४.१४ खर्च तथा अन्य व्यवस्थाहरू

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
शुरुको मौज्दात	-	-
यस अवधिमा थप	-	-
यस अवधिमा व्यवस्थाहरूको प्रयोग	-	-
यस अवधिमा व्यवस्थाहरूको विमोचन	-	-
जम्मा	-	-

४.१५ साधारण आम्दानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
मेला, पर्व, उत्सव, वीतक, पारायण आम्दानी	३०,५०५,५३३	३३,३७५,०६४
आश्रम, गौशाला, अन्य संरचना सम्पत्ति तथा कृषिबाट आम्दानी	२,५८९,०२४	१,९५१,१८०
खुत्रुके आम्दानी	-	-
मुट्ठिदान, आरति तथा दान पेटिका आम्दानी	१६,८५८,५२९	१२,८३०,०७०
सदस्यता एवम नवीकरण शुल्क आम्दानी	९३४,२२७	२,५१२,९४८
पुस्तक पत्रपत्रिका सहयोग आय	२,८०३,४८४	३,६४६,७६७
जम्मा आय	५३,६९०,७९७	५४,३१६,०२९

४.१६ विशेष कार्यक्रम आम्दानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
श्रीमत्तारतम सागर पाठपारायण एवम् श्रीकृष्ण कथा महोत्सव आम्दानी	१६,८०९,१४५	२१,५५७,१२३
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष आम्दानी (विशेष प्रयोजन बाहेक)	-	-
बार्षिक उत्सव कार्यक्रम आम्दानी	१४,६५७,०१२	१३,६९५,१३८
शिविर आम्दानी	-	-
अन्य विशेष कार्यक्रम आम्दानी	४,२८४,०००	१,०६९,६४४
जम्मा आय	३५,७५०,१५६.५०	३६,३२१,९०५.७३

P. Maiali & Associates Kathmandu Chartered Accountants

Scanned with CamScanner

४.१७ वित्तीय आम्दानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष बैंक आम्दानी (अक्षय कोष बाहेकको)	-	-
बैंक ब्याज आम्दानी (अक्षयकोष बाहेक)	७,८६५,१५०	९,५९७,४७३
कर्जा सापटि ब्याज आम्दानी	-	-
जम्मा	७,८६५,१५०	९,५९७,४७३

४.१७ अन्य आम्दानी

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
काम नलाग्ने सामान विक्रि, लिलाम विक्रि आम्दानी	-	-
विविध आम्दानी	३,०७५,३२८	३,७३१,२९९
जम्मा	३,०७५,३२८	३,७३१,२९९

४.१८ कर्मचारी पुजारी तलब तथा ज्याला खर्च

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
पुजारी तलब तथा अन्य सुविधा खर्च	२,९२२,७२७	२,७९१,८१४
प्रशासनिक कर्मचारी तलब भत्ता खर्च	२,२१९,४८०	१,९०६,७१५
ज्याला खर्च	२,७५३,७३५	२,५६९,१७४
जम्मा	७,८९५,९४१	७,२६७,७०३

४.१९ मन्दिर सञ्चालन खर्च

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
मेला, पर्व, उत्सव, वीतक, पारायण, आरती खर्च	२७,३४४,९८८	२६,६६७,७९४
आश्रम तथा गौशाला सञ्चालन एवम् कृषिका लागि खर्च	१,५८४,४९६	१,९८२,८५०
खुत्रुके सञ्चालन खर्च	-	-
भण्डारा खर्च (खाना व्यवस्थापन खर्च)	४,८४२,६३२	४,७९८,६६४
जम्मा	३३,७७२,११६	३३,४४९,३०८

४.२० विशेष कार्यक्रम खर्च

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
श्रीमत्तारतम सागर पाठपारायण एवम् श्रीकृष्ण कथा महोत्सव खर्च	३२,३६३,०२३	२२,५४७,३५६
श्रीकृष्ण प्रणामी केन्द्रीय कोष खर्च (विशेष प्रयोजन बाहेक)	-	-
महाधिवेशन एवम् अधिवेशन तथा सभा सञ्चालन खर्च, वार्षिक उत्सव कार्यक्रम खर्च	७,४९२,३३१	१३,३०५,८५५
शिविर सञ्चालन खर्च	-	-
अन्य विशेष कार्यक्रम खर्च	९३,८२०	५७२,७७९
जम्मा	३९,९४९,१७३	३६,४२५,९९०





Scanned with CamScanner

४.२१ सामान्य प्रशासनिक खर्च

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
बिजुली पानी एवम् सञ्चार खर्च	२,३१६,१८३	२,३३६,१५३
मसलन्द खर्च	४९५,०३२	८१२,५८७
सरकारी तिरो कर तथा शुल्क	६५०,९१७	१,८६१,२१८
मर्मत सम्भार खर्च	४,०३४,७०५	८,१४९,१८०
भ्रमण खर्च	३०९,२०७	१३९,०००
पुस्तक, पत्र पत्रिका खरिद तथा छपाइ खर्च	१,४७७,६५२	३,८८९,७३१
इन्धन तथा अन्य इन्धन खर्च	६२५,७१७	४४८,२१६
कानुनी तथा अन्य सेवा खर्च	३,०००	१७८,१७०
लेखापरीक्षण खर्च	२९६,७४०	३३१,३००
सापटिमा ब्याज खर्च	५४२,०९२	१,०६१,५१५
अन्य सञ्चालन खर्च	-	-
जम्मा	१०,७५१,२४६	१९,२०७,०७०

४.२२ ह्रासकट्टी, अपलेखन तथा हानी नोक्सानी खर्च

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
ह्रासकट्टी	-	-
परिशोधन खर्च		
हानी नोक्सानी खर्च	-	-
जम्मा	-	-

४.२३ आय कर खर्च

सस्थाले कर छुट संस्थाको रूपमा दर्ता भई यस अवधिसम्मको लागि कर छुट प्रमाण पत्र नविकरण गरेको छ। तसर्थ आयकरको व्यवस्था गरिएको छैन।

४.२४ पूंजी प्रतिबद्धताहरू

यस प्रतिवेदनको मितिसम्ममा संस्थाका कुनैपनि पुँजीगत प्रतिवद्धताहरू रहेका छैनन्।

४.२५ परिस्थितिजन्य दायित्वहरु (Contingent Liabilities)

यस प्रतिवेदनको समयसम्ममा संस्थाको कुनैपनि किसिमको परिस्थितिजन्य दायित्वहरू रहेका छैनन्।

४.२६ सम्बन्धित पक्षसँग कारोबार (Related Party Transactions)

सम्बन्धित पक्षहरूसँग निम्न लिखित लेनदेनहरू गरिएका थिए:

विवरण	चालु वर्ष (रू.)	गत वर्ष (रू.)
समिति, उपसमिति र विभागीय पदाधिकारीहरूलाई भुक्तानी गरिएको कुल पारिश्रमिक	-	-
समिति, उपसमिति र विभागीय पदाधिकारीहरूलाई भुक्तानी गरिएको वैठक भत्ता	-	-
समिति, उपसमिति र विभागीय पदाधिकारीहरूलाई भुक्तानी गरिएको अन्य सुविधा	-	-
जम्मा	-	-





Scanned with CamScanner

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

कागेश्वरी मनोहरा नगरपालिका - ८, काठमाण्डौ, नेपाल

लेखा नीति तथा वित्तीय विवरणको टिप्पणीहरुको विवरण

३२ आषाढ २०८३ (जुलाई १६, २०२६) समाप्त भएको वर्षको लागि

१ सामान्य जानकारी

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल संस्था दर्ता ऐन, २०३४ अर्न्तगत स्थापना भएको गैर सरकारी गैर नाफामूलक एक धार्मिक एवम् सामाजिक संस्था हो । यो संस्था मिति २०२३ पौष ५ गते मा जिल्ला प्रशासन कार्यालय (तत्कालिन वागमती अञ्चलाधीशको कार्यालय), काठमाण्डौमा दर्ता भएको हो र मिति २०४७ पौष २३ गते समाज कल्याण परिषदमा दर्ता भएको हो । साथै, आन्तरिक राजस्व विभागमा मिति २०६१ आश्विन १९ गते स्थायी लेखा नम्बर ३०१७४६४७६ मा दर्ता भएको छ । यस संस्थाको मूख्य कार्यालय श्रीकृष्ण प्रणामी मन्दिर, श्री नवतनधाम, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ८, गोठाटार, काठमाण्डौमा रहेको छ र यस अन्तर्गत नेपाल राज्यभर २७ जिल्लामा शाखा समिति र १८६ स्थानमा इकाई (मन्दिर, सत्संग)समिति रहेका छन् ।

यस संस्थाको मुख्य उद्देश्य श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदायमा अन्तर्निहित सिद्धान्त, आचरण, पद्धति र संस्कारमा आस्था राख्ने नेपालका समस्त सुन्दरसाथ एवम् प्रणामी समाजका संघसंस्थाहरुलाई एकतावद्ध गरी नेपाली प्रणामी समाजको बृहत्तर हित तथा हिन्दू सनातन धर्म संस्कृतिको संरक्षण, विस्तार, सम्बर्धन र संस्थागत विकास गर्दै गतिशीलता दिन, विभिन्न वर्ग र समुदाय बीच समन्वयन कायम गरी धार्मिक, शैक्षिक तथा सामाजिक सेवा गर्ने रहेका छन् । संस्था निरन्तर सञ्चालन हुनेछ भन्ने अवधारणाको आधारमा वित्तीय विवरणहरु तयारी गरिएको छ ।

२ तयारीका आधार

२.१ अनुपालनको विवरण

३२ असार २०८३ तथा सो आर्थिक वर्षको अन्त्यसम्मको वित्तीय स्थितिको विवरण, आय र व्ययको विवरण, कोष परिवर्तनको विवरण, नगद प्रवाहको विवरण, लेखानीति र टिप्पणीहरु तयार गर्दा सामान्य हदसम्म अपनाइएका लेखा सिद्धान्तहरु र नेपाल लेखामानद्वारा जारी गरिएको गैर नाफामूलक संस्थाहरुको लागि नेपाल लेखामान लागू हुने हदसम्म पालना गरिएको छ ।

यस वित्तीय विवरणलाई संचालक समितिको मिति २०८३।०६।११ को निर्णय अनुसार आधिकारीक गरिएको छ ।

२.२ मापनको आधार

वित्तीय विवरणहरु ऐतिहासिक लागत वा उचित मूल्यमा तयार गरिएको छ र विशेष रुपमा खुलासा गरिएको छ ।

२.३ कारोवार तथा प्रस्तुती मुद्रा

वित्तीय विवरणहरु नेपाली रुपैंया (रु.) मा प्रस्तुत गरिएको छन । जुन संस्थाको कार्य र प्रस्तुतीकरण मुद्रा हो । अन्यथा निर्देशन बाहेक, सबै वित्तीय जानकारी निकटतम रुपैंयामा प्रस्तुत गरिएको छ ।

२.४ लेखा नीतिहरु तथा स्पष्टिकरणहरुको परिवर्तन

अन्यथा स्पष्टिकरण नदिएसम्म लेखा नीतिहरुलाई अघिल्लो आर्थिक वर्ष अनुसार नियमित रुपमा लागु गरिएको छ ।

२.५ एकिकृत हिसाब: समिति अन्तर्गतका मन्दिर इकाई, सत्सङ इकाई तथा जिल्ला कार्य समितिहरु तथा श्रीकृष्ण प्रणामी शैक्षिक गुठी अन्तर्गत सञ्चालित श्री निजानन्द एकेडेमीबाट प्राप्त हिसाबलाई एकिकृत गरि एकिकृत आर्थिक बिवरण तैयार गरिएको छ । बिगत वर्षमा जस्तै यसबर्ष समेत थप केहि इकाईहरुको हिसाब प्राप्त हुन बाँकी रहेकोले पुर्ण रुपमा एकिकृत हिसाब तैयार हुन सकेको छैन ।

समिति अन्तर्गतका इकाई तथा जिल्ला समितिहरु मध्ये केन्द्रको समेत जम्मा १८६ वटा समितिहरुको हिसाव समावेश भएकामा यस बर्ष १४५ वटा जिल्ला तथा इकाई समितिहरुको मात्र हिसाब प्राप्त भई एकिकृत हिसाबमा समावेश भएको छ । ४१ वटा इकाइहरुको हकमा गत वर्षको अन्तिम मौज्दातलाई अ. ल्या. गरी हिसाव एकिकृत गरिएको छ ।





Scanned with CamScanner

२.६ महत्वपूर्ण लेखा निर्णय, अनुमान र पुर्वानुमानहरु

वित्तीय विवरण तयार गर्दा केही महत्तवपूर्ण लेखा निर्णय तथा अनुमानहरुको प्रयोग गर्न आवश्यक पर्दछ । यस प्रक्रियामा लेखा नीतिहरू लागू गर्दा व्यवस्थापनले विवेक अपनाउन जरुरी हुन्छ । व्यवस्थापनले भविष्यमा आउन सक्ने अवस्थाहरुलाई ध्यानमा राखेर सो अनुमान तथा पूर्वानुमानहरू गरिएको हुन्छ । यी अनुमान र निर्णयहरूको विगतका अनुभव तथा अन्य कारकहरूको आधारमा निरन्तर समिक्षा गरिन्छ, जसमा भविष्यमा आउन सक्ने अवस्थाहरूको यथार्थपूरक अपेक्षाहरू समेत समावेश हुन्छन् । यद्यपि, भविष्यमा वास्तविक परिणामहरू यी अनुमान र निर्णयहरू भन्दा फरक हुन सक्नेछन् ।

यस्ता लेखा अनुमान तथा पुर्वानुमानहरुको कारणले गर्दा अर्को आर्थिक वर्षको मौज्दातामा विशेष जोखिम हुन सक्ने सम्पत्ति र दायित्वहरु रहेका छैनन् ।

२.७ वित्तिय विवरणमा देखाइएको नगद, बैंक तथा सामानहरुको मौज्दात जिल्ला तथा इकाइका व्यवस्थापनले प्रमाणित गरे बमोजिम रहेका छन् ।

२.८ संस्थाको आम्दानी (बैंक ब्याजबाहेक) करलाग्ने श्रोतबाट नभएको हुनाले कर दायित्व गणना गरिएको छैन् । सदस्यहरुले प्रदान गरेको दान रकमबाट खोलिएका मुद्धति बैंक मौज्दातमा ब्याज संस्थाको खातामा जम्मा गरेको समयमा बैंकले ब्याजकर कट्टा गर्ने गरेको छ ।

३ महत्वपूर्ण लेखाङ्कन नीतिहरुको सारांश

३.१ जायजेथा, संयत्र तथा उपकरण

क. लागत र मूल्याङ्कन

जायजेथा, प्लान्ट तथा उपकरण प्रारम्भिक लागतमा लेखाइन गरिएको छ । सम्पत्तिको प्रारम्भिक लेखाइन पश्चात जायजेथा, प्लान्ट तथा उपकरणहरुको मूल्यबाट ह्रासकट्टी र क्षयिकरण गरिन्छ । सो पश्चात हुने खर्चलाई जायजेथा, प्लान्ट तथा उपकरणको भविष्यमा क्षमता वृद्धिगरेमा मात्र पूँजीकृत गरिन्छ । अन्य सबै खर्चहरु आय र व्ययमा खर्चको रुपमा लेखाङ्कन गरिन्छ ।

ख. ह्रासकट्टी

स्थिर सम्पति तथा ह्रास कट्टी: स्थिर सम्पति परलमोलका आधारमा देखाईएको छ र स्थिर सम्पतिमा ह्रास कट्टी गर्ने गरिएको छैन ।

अनुदान तथा चन्दामा प्राप्त सम्पत्ती

प्रतिबन्धित कोषमार्फत परियोजनाको उपयोगको लागि खरिद गरिएको जायजेथा, प्लान्ट तथा उपकरणलाई शुरुमा परियोजना खर्चको रूपमा लेखाइन गरिन्छ र सोही बराबरको आम्दानीलाई पनि सँगै लेखाइन गरिन्छ । यदि परियोजनाको समाप्तिमा, उक्त सम्पत्ति लाभादायीलाई हस्तान्तरण गरिएको छैन वा दातालाई फिर्ता गरिएको छैन वा दाताको अनुमतिबाट संस्थालाई हस्तान्तरण भएमा, उक्त सम्पत्तिको मूल्याइन गरी वित्तीय विवरणमा जायजेथा, प्लान्ट तथा उपकरणमा लेखाइन गरिन्छ र सोहि बराबरको पूँजी कोषपनि लेखाइन गरिन्छ ।

३.२ अमूर्त सम्पत्ती

अमूर्त सम्पत्तिहरूलाई प्रारम्भिक लागतमा लेखाइनगरिन्छ । प्रारम्भिक लेखांकनपछि, अनिश्चित उपयोगी जीवन भएका सम्पत्तिहरू बाहेकका अमूर्त सम्पत्तिहरूलाई लागतबाट संचित परिशोधन घटाएर लेखाइन गरिन्छ । आन्तरिक रूपमा उत्पन्न भएका अमूर्त सम्पत्तिहरूलाई पूँजीकरण गरिदैन; खर्च गरिएका रकमलाई सो खर्च भएको वर्षमा आय र व्यय विवरणमा देखाइन्छ ।

अमूर्त सम्पत्तिहरूको उपयोगी जीवनलाई निश्चित वा अनिश्चित भनेर मूल्यांकन गरिन्छ ।

निश्चित उपयोगी जीवन भएका अमूर्त सम्पत्तिहरूलाई उपयोगी आर्थिक जीवनमा परिशोधित (amortized) गरिन्छ । निश्चित उपयोगी जीवनभएको साथ अमूर्त सम्पत्ति परिशोधन अवधि र विधिलाइ हरेक आर्थिक वर्षको अन्त्यमा समीक्षा गरिन्छ । उपयोगी जीवनमा समाधार विधि अनुसार परिशोधन गरिन्छ ।

अनिश्चित उपयोगी जीवनका अमूर्त सम्पत्तिहरू वार्षिक रूपमा क्षयिकरणको लागि परीक्षण गरिन्छ । त्यस्ता अमूर्त सम्पत्तिहरु परिशोधन (amortized) हुँदैनन् । अनिश्चित जीवनको अमूर्त सम्पत्तिहरुको उपयोगी जीवन अनिश्चित जीवनको मूल्याइनको आजको दिनमा लागु भए नभएको निर्धारण गर्न वार्षिक रूपमा समीक्षा गरिन्छ । उपयोगी जीवन मूल्याइनमा अनिश्चित देखि निश्चित परिवर्तन भएमा आगामी अवधिदेखि लागु गरिन्छ ।

I.P. Mainali & Associates
Kathmandu
Chartered Accountants

Scanned with CamScanner

३.३ विदेशी मुद्रा कारोबार

नेपाली रुपैंया बाहेक अन्य मुद्रामा भएका कारोबारहरूलाई कारोबार मितिको विदेशी मुद्राको वास्तविक दरमा नेपाली रुपैंयामा परिणत गरिन्छ। विदेशी मुद्रामा लेखाइनगरीएका मौद्रिक सम्पत्तिहरू (धितोपत्रहरू सहित) तथा दायित्वहरु प्रतिवेदनको मितिमा सोहि दिनको विनिमय दरमा नेपाली रुपैयाँमा परिणत गरिन्छ। आय र व्ययको विवरणमा वास्तविक र अवास्तविक विनिमय भिन्नताहरू रिपोर्ट गरिएको छ।

३.४ नगद र नगद सरह

नगद र नगद सरहमा हातमा भएको नगद, बैकबाट प्राप्त गर्नुपर्ने रकम, र तीन महिनाभन्दा कम अवधिको छोटो अवधिको निक्षेपहरूलाई समावेश गरिएको छ। संस्थाको नगद व्यवस्थापनको अभिन्न भागको रुपमा प्रस्तुत गरिएका मागको आधारमा भुक्तानी गर्नुपर्ने बैंकका ऋणहरुलाइ नगद प्रवाह विवरणमा नगद र नगद सरहको रूपमा समावेश गरिन्छ।

३.५ जिन्सी मौज्दात

जिन्सी मौज्दातको लागत वा खुद वास्तविक मूल्य जुन कम हुन्छ, सोही मूल्यमा मूल्याङ्कन गरिन्छ। खुद वास्तविक मूल्य भन्नाले जीन्सीको बजार मूल्यमा बिक्रिगर्दा लाग्ने अपेक्षित लागत घटाएर आएको मूल्यलाई बुझिन्छ।

जिन्सी मौज्दातको लागतलाई प्रथम-दाखिला-प्रथम-निष्कासन (FIFO) विधिमा निर्धारित गरिन्छ र सो लागतमा जिन्सीलाई हालको स्थान तथा अवस्थासम्म ल्याउनलागि लागेका खर्चहरु समेत समावेश गरिएको हुन्छ।

वितरण तथा पुनवक्रिको लागि चन्दामा प्राप्त जिन्सीलाई वित्तीय विवरणमा सो जिन्सीहरु वितरण तथा पुनविक्री नभएसम्म समावेश गरिदैन।

३.६ व्यवस्थाहरु

विगतका घटनाले भविष्यमा कानूनत दायित्व सिर्जना हुन्छ र सो रकमलाई सजिलै अनुमान गर्न सकिन्छ भने सो रकमको लागि खर्चको व्यवस्था गरि वित्तीय स्थिती विवरणमा समावेश गर्नु पदर्छ र खुलासा पनि गर्नु पर्दछ।

३.७ कर्मचारी लाभ दायित्वहरु

संस्थाको परिभाषित भविष्य लाभ योजनाहरूको सम्बन्धमा दायित्व प्रत्येक योजनाको लागि कर्मचारीहरूले वर्तमान र विगतका अवधिहरूमा आर्जित गर्न सक्ने भविष्यको लाभको रकम अनुमान गरी अलग अलगै गणना गरिन्छ। परिभाषित लाभ दायित्वको गणना वार्षिक रूपमा गरिन्छ।

नियम बमोजिम, सम्पूर्ण कर्मचारीहरू प्रतिवेदन मितिमानै अवकाश हुने अनुमान गरी उपदान, चिकित्सा सुविधा र संचित बिदाको व्यवस्था गरिएको छ।

३.८ ऋण तथा तिर्नुपर्ने दायित्व

संस्थाको ऋण तथा दायित्वको लागतमा लेखाङ्कन गर्ने नीति रहेको छ।

३.९ कोषको प्राप्ति र उपयोगको लागि लेखांकन

कोष

कोषलाई प्रतिबंधित, विशेष प्रयोजन वा निर्शतकोषमा विभाजन गरिएको छ।

क. निशर्त कोष / संचित कोष

निर्सत कोष भन्नाले केन्द्रीय समितिको अनुमतिमा संस्थाको उद्देश्यहरू अनुसार निर्शत रुपमा प्रयोग गर्न पाउने कोषलाई बुझिन्छ। सो कोषहरु कुनै पनि विशेष उद्देश्यको लागि तोकिएको हुँदैनन्।

दाता सम्झौता अनुसार वा दाताको पूर्व स्वीकृतिसँगै, अधिशेष कोषलाई (Surplus Fund) प्रतिबन्धित कोषबाट निर्सत कोषमा स्थानान्तरण गरिन्छ।

आम जनतावाट प्राप्त योगदानलाई नगद प्रार्पत्तिको आधारमा आय र व्यय विवरणमा लेखाइनगरिन्छ।

ख. निर्दिष्ट कोष

संचालक समितिले विशेष उद्देश्यका लागि तोकेको निर्शत कोषलाई निर्दिष्ट कोषको रूपमा वर्गिकरण गरिन्छ। यी कोषहरू प्रयोग गर्न सकिने गतिविधिहरू वित्तीय विवरणको अनुसुचीमा प्रस्तुत गरिएको छ।

ग. प्रतिबंधित कोष

कुने विशेष परियोजना वा कार्यक्रमको लागि प्राप्त भएको अनुदानलाई, प्रतिबंधित कोषमा लेखाइनगरिन्छ र सो परियोजनामा भएको खर्च सँग मेल हुने गरि आयलाई आय तथा व्यय विवरणमा लेखाइनगरिन्छ।





Scanned with CamScanner

खर्च हुन बाँकी कोषहरूलाई सम्बन्धित प्रतिबधित कोष खातामानै प्रस्तुत गरिन्छ र सो कोष प्रयोग नहुन्जेल सो कोषलाई वित्तीय स्थितिको विवरणमा संचित कोष अन्तर्गत समावेश गरिन्छ।

कुनै विशेष उद्देश्यका लागि अनुदान सङ्कलन कार्य मार्फत सङ्कलन गरिएको रकम पनि यस कोष अन्तर्गत समावेश गरिएको छ।

स्वीकृत अनुदानको खर्च प्राप्त अनुदान भन्दा बढी भएमा र बाँकी रकम प्राप्त हुने निश्चित भएमा त्यस्तो रकम भुक्तानी योग्य खातामा वित्तीय स्थितिको विवरणमा लेखाङ्कन गरिएको छ।

प्रतिबन्धित कोष प्रयोग गरीने गतिविधिहरूलाई वित्तीय विवरणमा टिप्पणी गरिन्छ। परियोजनाको अन्त्यमा यदी कोषमा बाँकी रकम रहेमा फिर्ताको लागि शर्तहरुसमेत हुन सक्नेछन्।

घ. अक्षय कोष

अक्षय कोषमा प्राप्त भएको सम्पत्तिको हकमा, सो सम्पत्ति खपत नभएसम्म, सो सम्पत्तिबाट प्राप्तभएको आम्दानीलाई आय व्यय विवरणमा आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ।

ङ. लगानी आम्दानी

सान्दर्भिक सम्झौता वा माइनुट ले अन्यथा प्रदान नगरेसम्म, माथिको उपलब्ध कोषहरूबाट प्राप्त हुने लगानी आम्दानी र अन्य लाभहरूलाई सोहि कोषहरुमानै समावेश गरिन्छ। त्यस्तो आम्दानीलाई सामान्य प्रयोजनका लागि प्रयोग गर्न सकिने भएमा आय र व्ययको विवरणमा त्यसलाई आय मानिनेछ।

३.१० अनुदान

अनुदानहरुलाई उचित मूल्यमा वित्तीय विवरणहरूमा लेखाङ्कन गरिन्छ। जब अनुदान वा सब्सिडी खर्चसँग सम्बन्धित हुन्छ, यसलाई व्यवस्थित आधारमा क्षतिपूर्ति गर्ने उद्देश्यले आय वर्षहरुमो लागत सँग मेल हुने गरि स्थगित आयको रूपमा लेखाङ्कन गरिन्छ।

जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा प्राप्त अनुदान र सब्सिडीहरूलाई वित्तीय स्थितिको विवरणमामा स्थगन आय को रुपमा लेखाङ्कन गरिन्छ र सो सम्पत्तिको उपयोगी जीवनको आधारमा प्रत्येक आय वर्षमा आय व्यय विवरणमा स्थगित आयलाई क्रेडिट गरिन्छ र सो सँग मेल हुने गरि ह्रास कट्टी खर्चलाई डेबिट गरिन्छ।

अनुदानमा प्राप्त परियोजनामा यदि सम्पत्तिको खरिद पनि संलग्न भएमा, यस्तो सम्पत्तिको खरिद गर्दाको लागतलाई परियोजनामा खर्चको रुपमा लेखाङ्कन गरिन्छ र सोहि लेखा वर्षमा खर्च बराबरको अनुदानवापतको रकमलाई आय व्यय विवरणमा आयको रुपमा पनि लेखाङ्कन गरिन्छ।

परियोजनाको अन्त्यमा, आय र व्यय विवरणमा प्रस्तुत गरिएको सम्पत्तिहरुलाई उचित मूल्यमा पुनः जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा लेखाङ्कन गरि सोहि बराबरको पूँजी कोषपनि खडा गरिन्छ। प्रत्येक वर्ष सम्बन्धित सम्पत्तिको उपयोगी जीवनको आधारमा ह्रासकट्टी गरिन्छ र सोहि बराबरको रकमलाई पूँजी कोषबाट पनि घटाइन्छ।

३.११ आयको लेखाङ्कन

क. आम्दानी / आयका श्रोतहरु

प्रतिबन्धित कोषबाट प्राप्त आयलाई जब कोष प्राप्त गर्नका लागि सबै सर्तहरू पूरा भएको निश्चित भई अपेक्षित खर्च भए गरे पश्चात आय र व्ययको विवरणमा लेखाङ्कन गरिन्छ। प्रयोग नगरिएको रकम वित्तीय स्थितिको विवरणमा आगामि वर्षको लागि अघि सारिन्छ।

जिन्सीको रुपमा प्राप्त चन्दा तथा उपहारहरु लाभदायिहरूलाई प्रदान गरेपश्चात वा पुनः बिक्रीको लागि प्राप्त भएको भए सो को बिक्रि पश्चात प्राप्त आम्दानीको साथ उचित मूल्यमा लेखाङ्कन गरिन्छ। बिक्री वा वितरण नगरिएका वस्तुहरू जिन्सीको रुपमा राखिन्छ तर वित्तीय विवरणमा लेखाङ्कन गरिदैनन्।

संस्था कानुनी रूपमा कोषको प्रयोगको हकदार हुदा अन्य सबै आम्दानीलाई कोषमा लेखाङ्कन गरिन्छ। यसमा चन्दा संकलनकार्य तथा उपहारको रुपमा प्राप्त आयलाई पनि समावेश गरिन्छ ।

ख. वित्तिय आय

प्राप्त हुने सुनिश्चित भएमा आर्जित व्याजलाई प्रोधभावी आधारमा लेखाङ्कन गरिन्छ।





Scanned with CamScanner

जायजेथा, प्लान्ट तथा उपकरण र लगानी लगायत अन्य गैर-चालू सम्पत्तिको निसर्गमा भएको नाफा वा नोक्सानलाई सोको निःसर्गबाट प्राप्त आय,सो सम्पत्तिको बाँकि मौज्दात तथा बिक्रि खर्चलाई घटाई आय तथा व्यय विवरणमा प्रस्तुत गरिन्छ।

ग. अन्य आय

अन्य आम्दानीलाई प्रोधभावी आधारमा लेखाइन गरिन्छ। यदि कुनै अन्य आम्दानीको नगदको आधारमा लेखाइन गर्न यस टिप्पणीमा खुलासा गरेमा सोलाई नगदको आधारमा लेखाइन गरिनेछ।

३.१२ खर्चको लेखाङ्कन

संस्थाको परियोजना र अन्य कार्यहरु सञ्चालन गर्दा भएका खर्चलाई सोहि अवधिमा आय र व्ययको विवरणमा लेखाइन गरिएको छ। संस्थाको व्यवस्थापन, सञ्चालन गर्नका साथै जायजेथा, प्लान्ट तथा उपकरणहरूको मर्मत तथा संभारमा भएका खर्चहरूलाई प्रोधभावी आधारमा आय व्यय विवरणमा लेखाइन गरिएको छ।

३.१३ कर

क. चालु कर

संस्थाले आन्तरिक राजस्व विभागबाट कर छुटको व्यवस्था पाएको छ र सोही अनुरुप संस्थाको अधिशेष रकममा करको व्यवस्था गरिएको छैन ।

ख. स्थगन कर

आयकर ऐन अनुसारको र वित्तीय स्थितिको विवरण अनुसारको सम्पत्ति र दायित्वहरुमा परेको भिन्नताको कारणले स्थगन करको व्यवस्था पर्दछ।

संस्थाले आन्तरिक राजस्व विभागबाट कर छुटको व्यवस्था पाएको छ र सोही अनुरुप संस्थाको अधिशेषरकमा करको व्यवस्था गरिएको छैन।

३.१४ लागत खर्च

पूंजीगत प्रकृतिका निर्माणाधिन सम्पत्तिको खरिद, निर्माण गर्दा लाग्ने लागत खर्चलाई आय व्यय विवरणमा खर्चको रुपमा लेखाइन गरिएको छैन । अन्य लागत खर्चलाई खर्च भएको अवधिमानै खर्चको रुपमा लेखाइन गरिएको छ।

३.१५ सम्भाव्य दायित्वहरु

सम्भाव्य दायित्व भन्नाले विगतका घटनाहरूबाट उत्पन्न हुन सक्ने सम्भावित दायित्व लाई बुझिन्छ जसको अस्तित्व कुनै एक वा एक भन्दा बढी अनिश्चित भविष्यका घटनाहरुमा आधिरित हुन्छन् र यी घटनाहरु संस्थाको पूर्ण नियन्त्रणमा हुँदैनन्। यो विगतका घटनाहरूबारे वर्तमान दायित्व पनि सृजना हुन सक्छन्, जसमा आर्थिक लाभ बाहिरिने सम्भावना छैन अथवा पुर्ण रूपमा सोको लागतलाई मापन गर्न सकिँदैन। यस्ता सम्भाव्य दायित्वहरू टिप्पणीमा खुलासा गरिएको छ। सम्भाव्य दायित्वको रूपमा रिपोर्ट गरिएका केहि संचालन सम्बन्धी दाबीहरूलाई, सो दावीहरुको प्रकृति तथा अनिश्चितताको कारण सम्भाव्य दायित्वको रुपमा खुलासा गर्न व्यावहारिक हुँदैन।



